# बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक, बुड्ढी, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.: ०८२।०८३

चलानी नं.:

ने.स.- ११४६

## बुड्ढी तालको चमेना गृह (क्यान्टिन) सञ्चालन सम्बन्धी शिलबन्दी दरभाउपत्र प्रस्ताव आव्हानको सुचना

**(प्रथम पटक सूचना प्रकाशन मिति : २०८२।०१।२०)**

बुद्धभूमि नगरपालिका अन्तर्गत बुड्ढी ताल परिसर भित्र रहेको चमेना गृह (क्यान्टिन) संचालनको लागि ईच्छुक नेपाली नागरिक तथा व्यावसायिक फर्म/कम्पनीहरुले यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा रु.१,०००। (अक्षरेपी एक हजार रुपैयाँ मात्र ।) दस्तुर तिरी क्यान्टिन संचालन सम्बन्धी दरभाउपत्र प्रस्ताव फारम खरिद गरी शिलबन्दी दरभाउको प्रस्ताव १६ औं दिनको १२ बजे भित्र बुद्धभूमि नगरपालिकामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी नगर कार्यपालिकाको मिति २०८१।०८।२४ को निर्णयानुसार सुचना प्रकाशित गरिएको छ । चमेनागृह (क्यान्टिन) संचालन सम्बन्धित थप शर्तहरु तथा जानकारीको लागी नगरपालिकाको Website www.buddhabhumimun.gov.np हेर्न वा राजश्व शाखामा सम्पर्क गर्नुहुन समेत जानकारी गराईन्छ ।

शर्तहरु :

१. क्यान्टिन सञ्चालन अवधि सम्झौता मितिले २ वर्षको हुनेछ । २ वर्षसम्म सम्झौताका शर्तनामाहरुको अधिनमा रहेर क्यान्टिन सञ्चालन गर्नुपर्नेछ । सेवा सन्तोषजनक देखिएमा बढीमा १ एक वर्षसम्म सम्झौता अवधि थप गर्न सकिनेछ ।

२. भान्छाघर तथा भान्छाघरको लागि नगरपालिकाको क्यान्टिन हलको भौतिक संरचना बमोजिम मासिक रुपमा रु.५,०००। भाडाका दरले क्यान्टिन सञ्चालकले कम्तिमा चौमासिक भाडा अग्रिम नगरपालिकालाई बुझाउनु पर्नेछ । चौमासिक भित्र नबुझाएमा विलम्व शुल्क वापत १० प्रतिशत थप गरी अशुल उपर गरिनेछ ।

३. शिलबन्दी दरभाउपत्र दाताले खामको बाहिर पट्टि ठेक्का नं, ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

४. शिलबन्दी दरभाउपत्र खरिदकर्ताले दरभाउपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपी, कर दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र, फर्म दर्ता र नवीकरणको प्रमाण आदिको प्रमाणित प्रतिलिपी साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ । व्यक्तिको हकमा नागरिकताको प्रतिलिपी, प्यानमा दर्ता भएको प्रमाण पेश गर्नु पर्नेछ ।

५. भाडा लिन चाहने इच्छुक व्यक्ति, फर्म/कम्पनीहरुले कबोल अंकलाई आधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत धरौटी राख्नुपर्नेछ । धरौटी बापत यस बुद्धभूमी नगरपालिकाको कार्यालय, बुडढी, कपिलवस्तुको नाममा रहेको एन.एम.बि. बैंक, गोरुसिंगे स्थित धरौटी खाता नं ४४००५५९९७६०००४१ मा जम्मा गरेको भौचरको सक्कल प्रति वा १२० दिन म्याद भएको मान्यता प्राप्त (क) श्रेणीको बैंकको जमानत (बिडवण्ड) को सक्कल प्रति पेश गरेको हुनुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन ।

६. शिलबन्दी दरभाउपत्र खरिद कर्ताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दर्ता भएका शिलबन्दी दरभाउपत्र फिर्ता तथा संशोधन हुनेछैन ।

७. रितपूर्वक दाखिला भएका शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको दरभाउपत्र स्वीकार्य हुनेछैन ।

८. क्यान्टिनमा उपलब्ध हुने खाना/खाजाहरुको गुणस्तर सम्बन्धमा सम्बन्धित सरकारी निकायबाट जारी भएको मापदण्ड बमोजिम हुनुपर्नेछ ।

वासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुड्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या.: ०८२।०८३
चलानी नं.:
ने.स.- ११४६

९. विशेष गरेर क्यान्टिन तथा परिसरको सरसफाईमा अत्याधिक ध्यान पुर्याउनु पर्नेछ, क्यान्टिनबाट दैनिक निस्कने फोहोरहरुको व्यवस्थापन स्वयंले गर्नुपर्नेछ सो सम्बन्धमा नगरपालिकाबाट बेला बेलामा निरीक्षण तथा निर्देशन गर्नेछ र त्यस्तो निरीक्षण गर्दा दिइएको निर्देशन बमोजिम सरसफाई कार्य अगाडी बढाउनुपर्नेछ।

१०. ताल परिसर भित्र मासुको प्रयोजनार्थ कुनै पनि पशु/चौपाया पाल्न तथा काटमार गर्न पाइने छैन।

११. नगरपालिकाले उपलब्ध गराएको विद्युत तथा खानेपानी प्रयोग गरे वापत मिटरमा उठेको युनिटको आधारमा विद्युत तथा खानेपानीको महशुल बापत हुन आउने रकम प्रत्येक महिनाको अन्तमा नियमानुसार नगरपालिकामा दाखिला गर्नुपर्नेछ।

१२. क्यान्टिन सञ्चालनको लागि आवश्यक पर्ने जनशक्ति, श्रोत साधन तथा अनुभव समेत खुल्ने आवश्यक कागजात सहितको प्रस्ताव पेश गर्नुपर्नेछ।

१३. सम्झौता बमोजिम कार्य नगरेमा कार्य सम्पादन जमानत जफत गरि जुनसुकै बखत सम्झौता रद्द हुनेछ।

१४. शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ।

१५. कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गरिनेछ समाधान हुन नसके यस सम्बन्धमा नगरपालिकाले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ।

१६. प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउन पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरूको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

१७. यस सूचनामा उल्लेख भएका शर्तहरू यस ठेक्काको प्रयोजनको लागि अभिन्न अंगको रूपमा मानिनेछन।

१८. चमेना गृह संचालकले चमेना गृह संचालन गरे वापत कुनै सरकारी कर दस्तुर लागेमा छुट्टै बुझाउनु पर्नेछ।

१९. यस सूचनामा उल्लेख भएको विषय यसै सुचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

बासुदेव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

बासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत